# २०२४ रिटर्नी श्रमिक संस्मरण प्रतियोगिता

## ☐ विवरण

◯ **प्रतियोगीको योग्यता :** दक्षिण कोरियामा **E-9** भिसामा काम गरेका श्रमिक

※ **व्यक्तिगत सहभागिता मात्र मान्य हुने छ।**

※ **कोरियन भाषा प्रशिक्षण बाहेकका क्षेत्र मात्र मान्य हुने छ।**

◯ **प्रतियोगिताको क्षेत्र र विष्तृत विवरण**

| क्षेत्र | विष्तृत विवरण |
|---|---|
| **उत्कृष्ट संस्मरण** | ◇ **तल दिइएको शिर्षक (एकभन्दा बढी शिर्षक छनौट गर्न सकिने) छनौट गरि कोरियन भाषामा संस्मरण लेख्नु पर्ने छ। (अधिकतम २ पाना)**<br>– रोजगार अनुमति प्रणालीले तपाईको जीवनमा पारेको प्रभाव र स्वदेश फर्कनु अघि र फर्केपछि आएको परिवर्तन<br>– कोरियामा विदेशी श्रमिकको रुपमा जीवनयापन गर्दा आएका सुख दुःखका क्षण र स्वदेश फर्किएपछि आएको सकारात्मक परिवर्तनको आफ्नो अनुभव<br>– कोरियामा काम गरेर स्वदेश फर्किएपछि व्यवसाय/ रोजगारीमा पाएको सफलता<br>– आर्थिक कठिनाइ, कोरियाली नागरिकहरुको नकारात्मक दृष्टिकोण, आदिलाई पार गरि कोरियामा सहज जीवनयापनसम्मको प्रकृया र त्यस प्रकृयाबाट स्वदेशमा तपाईको जीवनमा पारेको प्रभाव<br>– कोरियामा विदेशी श्रमिकहरु प्रतिको दृष्टिकोण सुधार गर्न सफल भएको मन छुने अनुभव र कोरियामा काम गर्न जान चाहने नेपालीहरुलाई पार्नु भएको प्रभाव, आदि<br><br>◇ **बुझाउने तरिका**<br>– नेपाल ई पि एस सेन्टर(info@epsnepal.org)मा ईमेलमार्फत पठाउने<br><br>◇ **बुझाउन पर्ने कागजात**<br>– प्रतियोगिताको निवेदन फाराम १ प्रति, व्यक्तिगत विवरण संकलन सहमती पत्र १ प्रति, संस्मरण (२ पेजभन्दा कम)<br>※ <व्यक्तिगत विवरण संकलन र प्रयोग सहमती पत्र> मा 'सहमत छु' मा टिक चिन्ह लगाइ आवेदकको नाम लेखि हस्ताक्षर वा छाप लगाएर पेश गर्नु पर्ने छ। |

◯ **प्रतियोगिताको तालिका**

- निबन्ध पेश गर्ने अवधि : २०२४.०६.१० (सोमवार) ~ २०२४.०६.२१ (शुक्रलवार) (१२ दिन)
- मूल्याङ्कन हुने मिति : २०२४.०६.२५ (मंगलवार)
- पुरस्कृतको नाम घोषणा : २०२४.०६.२७ (विहिवार) १७ :०० बजे

## ☐ मूल्याङ्कनको मापदण्ड

○ रोजगार अनुमति प्रणाली अन्तर्गत दक्षिण कोरियामा काम गरि नेपाल फर्केर सफलतापूर्वक पुन: एकीकरण गरेको विषयमा केन्द्रित हुनु पर्ने छ। साथै प्रतियोगिताको उद्देश्यसँगको सान्दर्भिकता र संस्मरणको पूर्णताको आधारमा मुल्याङ्कन हुने छ।

| मूल्याङ्कन क्षेत्र | मूल्याङ्कनको विषय | मूल्याङ्कन सूचक | अंक |
|---|---|---|---|
| प्रतियोगिताको उद्देश्यसँगको सान्दर्भिकता (५०अंक) | **शीर्षकसँगको सान्दर्भिकता** | प्रतियोगिताको उद्देश्य स्पष्टसँग बुझि सोही अनुसार शीर्षक छनौट | १० |
| | **अनुभवको सम्बन्ध** | स्वदेश फर्किएपछि अरु रिटर्नीहरुका लागि उदाहरण हुन सक्ने मिहिनेत र मनोबलको कारण व्यवसाय वा रोजगारीमा सफलता प्राप्ती | २० |
| | **प्रचार सम्भावना** | स्वदेश फर्किएका श्रमिकहरुलाई सकारात्मक प्रभाव पार्ने विषयवस्तु समावेश | २० |
| संस्मरणमा भएका विषयवस्तुको पूर्णता (५०अंक) | **विषयवस्तुको विश्वसनीयता** | लेखकको दृष्टिकोणबाट संस्मरण सविस्तार वर्णन | २० |
| | **विषयवस्तुको आधिकारिकता** | संस्मरण व्यावहारिक हुनका साथै साँचो अनुभवहरुमा आधारित र विश्वसनीय | २० |
| | **अभिव्यक्ति र सन्देश प्रवाह क्षमता** | प्रयोग भएका शब्दावली र अभिव्यक्ति उच्च स्तरको हुनुका साथै समग्र विषयवस्तुको प्रस्तुतिकरण विधि व्यवस्थित | १० |
| **जम्मा** | | | **१००** |

## ☐ पुरस्कार विवरण

○ पुरस्कृत व्यक्ति (१ जना)लाई अगस्तको मध्यतिर दक्षिण कारियाली रोजगार तथा श्रम मन्त्रालयको माननिय मन्त्री ज्यूको अध्यक्षतामा आयोजना हुन गइ रहेको **'रोजगार अनुमति प्रणालीको २०औं वार्षिकोत्सव'**मा सहभागिताको लागि निमन्त्रणा गरिने छ। सो कार्यक्रममा आफ्नो उत्कृष्ट कथा प्रस्तुत गर्नु पर्ने छ। सो भ्रमणको सम्पूर्ण खर्च ई पि एस सेन्टरले व्यहोने छ।

※ पुरस्कृत व्यक्ति दक्षिण कोरियामा अपराध र जरिवानाको रेकर्डको कारण कोरियाली अध्यागमन विभागबाट प्रवेश निषेध नगरिएको हुनुपर्ने छ।

## ☐ ध्यान दिनु पर्ने विषय

○ पुरस्कृत व्यक्तिको नाम र संस्मरणमा भएको विषयवस्तु विभिन्न संचार र बहुसङ्ख्यकले प्रयोग गर्ने अनलाइन च्यानल (Youtube, SNS च्यानल)मा प्रसारण गर्न सकिने छ। (서약서 हेर्नुहोस्।)

## ☐ अन्य जानकारी : नेपाल ई पि एस सेन्टर (फोन : ०१–५४२०४४५), info@epsnepal.org

२०२४.०६.०७

HRD Korea, **नेपाल ई पि एस सेन्टर प्रमुख**